मिति २०७६/१२/१३ गते मर्स्याङदी गाउँपालिकाको बैठकका निर्णयहरु :

१. मर्स्याङ्दी गाउँपालिकाद्वारा स्थापना गरिएको विपद् व्यवस्थापन कोषबाट हाललाई रु. ५० लाख सम्म यस कोरोना भाइरस संक्रमणको नियन्त्रण तथा रोकथाम सम्बन्धी आवश्यक कार्यक्रमहरुमा खर्च गर्ने निर्णय गरियो । साथै संक्रमण बढ्दै गई थप जटिलता उत्पन्न हुन गएमा अन्य शिर्षकबाट समेत रकमान्तर गरि कोष वृद्धि गर्ने निर्णय गरियो ।

२. कोरोना संक्रमणको विरुद्ध स्वास्थ्य उपचारमा लाग्ने मर्स्याङ्दी गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मीहरु तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु र सवारी चालकहरुको प्रति कर्मचारी रु.२० लाखको जिवन बिमा गर्ने निर्णय गरियो ।

३. गाउँपालिका भित्र वसोवास गर्ने दैनिक ज्यालादारीमा निर्भर परिवारको लागि हालको विशेष परिस्थितिलाई मध्यनजर राखी हाललाई प्रति परिवारका निम्ति सम्बन्धीत वडा अध्यक्षको समन्वयमा पायक पर्ने स्थानिय खाद्य पसलबाट निम्नानुसारको राहत सामग्री उपलब्ध गर्ने निर्णय गरियो ।

- चामल - ३० किलो
- दाल - ३ किलो
- खाने तेल - १ लि.
- नुन - १ पोका
- डिटोल साबुन - ३ वटा

४. मर्स्याङ्दी गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न नागरिकलाई कोरोना सँग सम्बन्धीत उपचारको लागि नेपाल सरकारले तोकेको अस्पतालमा जान परेमा बढ़िमा रु.१०,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

५. मिति २०७६/१२/३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यस गाउँपालिकाले सामुदायिक अस्पताल बेसिशहरमा कोरोना संक्रमण सम्बन्धी उपचार कक्षहरु निर्माण गर्नका लागि रु.२,००,०००।- सहयोग गर्ने निर्णय गरियो ।

६. विश्वमा फैलिएको COVID - 19 रोगको सम्भावित संक्रमणबाट जोगिनको लागि प्रत्येक वडाका निम्न स्थानहरुमा कम्तिमा १० बेडको क्वारेन्टाईन कक्ष व्यवस्था गर्ने निर्णय गरियो ।

वडा नं. १ - श्री ग्राम कल्याण मा.वि., नायू
वडा नं. २ - श्री त्रिभुवन मा.वि., घनपोखरा
वडा नं. ३ - श्री अमर मा.वि., खुदी
वडा नं. ४ - श्री प्रेम मिलन मा.वि., छापा
वडा नं. ५ - श्री गंगा मिलन मा.वि., घेर्मु
वडा नं. ६ - श्री जटेश्वर आ.वि., ठुलोबेसी
वडा नं. ७ - श्री महेन्द्रदेव मा.वि., तराञ्चे.
वडा नं. ८ - श्री प्रभात शान्तिपूर्ण मा.वि., बडागाउँ
वडा नं. ९ - श्री गणेश मा.वि., सिम्पानी

७. COVID - 19 रोगको संक्रमणबाट सिर्जना हुन सक्ने दैनिक खाद्य वस्तु अभाव हुन नदिन आवश्यक समन्वय तथा सहजिकरण गर्ने निर्णय गरियो । साथै यसको वहानामा हुन सक्ने कृत्रिम अभाव सिर्जना र अवान्छनिय कार्यहरुको कडाईका साथ अनुगमन गर्ने निर्णय गरियो । यदि यस्तो भए गरेको पाईएमा कानुन बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

८. COVID - 19 रोगको संक्रमणबाट सिर्जना हुन सक्ने जटिल परिस्थितिमा आकस्मिक निर्णय गर्नको लागि निम्नानुसारको गाउँपालिका स्तरिय समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजक - अध्यक्ष, अर्जुन गुरुङ
२) सदस्य - उपाध्यक्ष, होम बहादुर बि.क.
३) सदस्य - प्रमुख प्रशासकीय अधिकृत, खेमराज देवकोटा
४) सदस्य - विपद व्यवस्थापन समिति, संयोजक लिला प्रसाद घले (वडा अध्यक्ष वडा नं ६)
५) सदस्य - स्वास्थ्य संयोजक, रमानाथ घिमिरे

९. COVID - 19 रोगको संक्रमणबाट सिर्जना हुन सक्ने स्वास्थ्य सम्बन्धी उपचार, उद्धार र प्राविधिक विषयमा समन्वय, सहजीकरण गर्न निम्नानुसारको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजक - रमानाथ घिमिरे, स्वास्थ्य संयोजक, मर्स्याङ्दी गाउँपालिका

२) सदस्य - आशिष परियार, ईन्चार्ज, स्वास्थ्य चौकी, भुलभुले

३) सदस्य - विनिता तामाङ, ईन्चार्ज, स्वास्थ्य चौकी, खुदी

४) सदस्य - मोनिका तामाङ, प.हे.न., मर्स्याङ्दी गाउँपालिका

५) सदस्य - रमेश के.सी., अ.हे.व, स्वास्थ्य चौकी, खुदी

१०. मर्स्याङ्दी गाउँपालिका भित्र मिति २०७६ फागुन २५ गते देखि यता विदेशबाट आएका नेपालीहरुको तथ्याङ्क संकलन गरि उनीहरुको स्वास्थ्य अवस्था बुझि ३ दिन भित्र गाउँपालिकाको प्रशासन शाखामा विवरण बुझाउनको लागि सम्पूर्ण स्वास्थ्य चौकीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिकाबासीहरुको निम्ति कोरोना भाईरस र यसका लक्षणहरु तथा सो सँग सम्वन्धी यथार्थ जानकारी दिनको लागि हे.अ. आशिष परियार (मोबाईल नम्बर ९८४०३१८५५७) /प.हे.न मोनिका तामाङ (मोबाईल नम्बर ९८०८२७६८३९) लाई सम्पर्क व्यक्तिको रुपमा जिम्मेवारी दिने निर्णय गरियो ।

१२. COVID - 19 रोगको संक्रमणबाट सिर्जना हुन सक्ने स्वास्थ्य सम्बन्धी उपचारमा खटिने स्वास्थ्यकर्मीहरु र एम्बुलेन्स चालकको लागि आवश्यक सुरक्षा कवज र थर्म गनको समेत व्यवस्था भईसकेको र पर्याप्त औषधि व्यवस्थापन गर्न तत्काल थप औषधि खरिद गर्ने निर्णय गरियो । साथै मर्स्याङ्दी गाउँपालिका भित्र रहेको २ वटा एम्बुलेन्सलाई २४ सै घन्टा तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

१३. नेपाल सरकारबाट जारी गरिएको COVID - 19 सँग सम्वन्धीत सम्पूर्ण नीति निर्देशन, सुचना, आह्वानहरुको पूर्णरुपमा पालना गर्दै हालै देशभर गरिएको लकडाउनलाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो । साथै यो रोग एक आपसी सम्पर्क भेटघाटबाट संक्रमित भईनेहुँदा यसको न्युनिकरण र रोकथामको अति उपयूक्त उपाय सेल्फ होम क्वारेन्टाईन (आ-आफ्नै घरमा सुरक्षित बस्ने) नै रहेको हुँदा यस संक्रमणबाट आफुँ जोगिन र अरुलाई जोगाउनको लागि हामी सवैले आ आफ्नै घरमा सुरक्षित तरिकाबाट बस्न अति जरुरी भएको हुँदा सम्पूर्णमा यस विपदको घडिमा आफुँ पनि सुरक्षित रहन र अरुलाई पनि सुरक्षित बनाउन हार्दिक आग्रह गर्ने निर्णय गरियो । साथै सो सम्वन्धी केही समस्या परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गन्छि ।

१४.यस संक्रमणको बेला गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी, स्वास्थ्यकर्मीहरुलाई सुरक्षित हुँदै अरुलाई सहयोग गर्न र यो संक्रमणलाई न्युन गर्न तयार रहन आह्वान गर्ने निर्णय गरियो ।

१५.आज विश्व कोरोना भाइरस संक्रमणको एक जटिल परिस्थितिमा छ । हाम्रो देश नेपाल पनि यसको जोखिममा छ । यो विपदको घडीमा हामी सबै एकजुट भएर यसको सामना गर्न हातेमालो गरि अगाढि बढनु पर्नेछ । त्यसैले यो संक्रमणलाई न्युन गर्न आवश्यक सहयोग, समन्वय र सहकार्यको लागि सम्पूर्ण राजनितिक दल, जनप्रतिनिधिहरु, समाजसेवी, शिक्षक कर्मचारी, स्वास्थ्य कर्मी, निजि क्षेत्र, सरकारी तथा गैर सरकारी संघ संस्था र सामुदायिक संस्थाहरुलाई पूर्ण सहयोगको अपेक्षा सहित विनम्र अनुरोध गर्ने निर्णय गरियो ।

१६. यस संक्रमणमा मर्स्याङ्दी गाउँपालिकालाई सहयोग, सुझाव, शुभेच्छा दिनुहुने सम्पूर्णलाई धन्यवाद दिने निर्णय गरियो ।

१७. सामुदायिक स्वास्थ्य ईकाईहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु र घेर्मु स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीहरुलाई समेत पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।